कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र तथा
वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने ईजाजतपत्र प्राप्त

# साधना लघुवित्त वित्तीय संस्था लिमिटेड

## Sadhana Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको राष्ट्रियस्तरको इजाजतपत्र प्राप्त संस्था)

गोरखा नगरपालिका, वडा नं. ६, हरमटारी, गोरखा, नेपाल
फोन नं.: ०६४-४२०५०३ फ्याक्स नं. ०६४-४२
URL: www. sadhanalaghubitta.com.np, E-mail: sadhanamf2074@gmail.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

## विवरण-पत्र

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७३/०७४ | आ.व.०७४/०७५ | आ.व.०७५/०७६ | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.०१ | ९९.६३ | १३०.१२ | १२९।५९ | १२९।०२ | १४०।२१ |
| प्रति शेयर आम्दानी (रु.) | ०.०१ | ०.०९ | २४.८७ | २५।४५ | २६।६० | ३४।३२ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | १।५७ | ३४।२८ | ५,२०५।९३ | २,१६१।९३ | ४९७३२ | १,८२८।१२ |

वित्तीय संस्थाको जारी पूँजी रु.२१,७७,८०,०००/- को ३२.५०% प्रतिशतले हुन आउने रु.७,०७,८०,०००/- रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ७,०७,८०० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५० % अर्थात १०,८९० कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणलाई छुट्टयाएको शेयर मध्येको ५% अर्थात ३५,३९० कित्ता शेयर समूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ६,६१,५२० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्कासन ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेत अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्कासनकर्ता वा वित्तीय संस्थाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्कासन गरिने साधारण शेयरको लागि क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई **"(ICRANP) IPO Grade 4+"** प्रमाणपत्र प्राप्त गरेको छ । **"(ICRANP) IPO Grade 4+"** ले औसत भन्दा तल आधारहरु (Below Average Fundamentals) भन्ने बुझिन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :२०७६/१०/२९ (तदनुसार १२ फेब्रुअरी २०२०), ग्रेड बहाल रहने अवधि : ११ फेब्रुअरी २०२१ सम्म ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति :२०७७/०३/०७
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति :२०७७/०३/०८
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति :२०७७/०३/०९

निष्कासन खुल्ला हुने मिति : २०७७/०३/२१
निष्कासन बन्द हुने मिति(छिटोमा):२०७७/०३/२४
निष्कासन बन्द हुने मिति (ढिलोमा): २०७७/०४/०४

## *धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक*

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लिमिटेड**
**पो.ब.नं.२१५९९, राष्ट्रिय नाचघर (तेस्रो तल्ला)**
**जमल, काठमाण्डौं ।**
**फोन नं. ४२२२४६० फ्याक्स नं.४२२२५३४**
E-mail:info@gicl.com.np
URL: www.globalimecapital.com

## १. विवरण-पत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) **"विवरणपत्र"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्कासन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापीटल लिमिटेड, काठमाण्डौंलाई सम्झनु पर्दछ।

ग) **"वित्तीय संस्था"** भन्नाले निष्कासनकर्ता कम्पनी साधना लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ।

घ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका आस्वा -ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी सार्वजनिक निष्कासनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको "क " वर्गको वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) **"संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन"** भन्नाले कम्पनीका संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ।

## २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि. नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| (क) | ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौं र वेबसाइट : www.globalimecapital.com |
| (ख) | साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, गोरखा न.पा. ६, हरमटारी, गोरखा र वबेसाइटः www.sadhanalaghubitta.com.np |
| **सि. नं.** | **दरखास्त फारम प्राप्त गर्ने तथा बुझाउने स्थान** |
| (ग) | नेपाल धितोपत्र बोर्डवाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

## १. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्कासनकर्ता साधना लघुवित्त वित्तीय संस्था लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ " अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र -Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २ संगठित संस्थाको उदघोषण :

**(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस साधना लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय -जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/०५ गतेको पत्रानुसार आ.व. २०७५/०७६ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

**(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस लघुवित्त संस्थाको संस्थापक, सञ्चालक र कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस लघुवित्त संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्कासन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्त संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्त संस्थको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस लघुवित्त संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ३. संगठित संस्था सम्बन्धी जानकारी :

### (क) संगठित संस्थाको पृष्ठभूमि :

(क) **संगठित संस्थाको नाम** : साधना लघुवित्त वित्तीय संस्था लिमिटेड (Sadhana Laghubitta Bittiya Sanstha Limited)

(ख) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४ जेष्ठ ३१ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो ।

(ग) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय प्रदेश नं.४, गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखा नगरपालिका, वडा नं. ६ हरमटारीमा रहेको छ ।

(घ) **कारोवार गर्ने मुख्य स्थान** : यस वित्तीय संस्थाको कारोबार स्थान नेपाल अधिराज्यभर रहेको छ । हाल वित्तीय संस्थाले गोरखा, धादिङ्ग, लमजुङ्ग, मकवानपुर, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग, नवलपरासी पश्चिम, स्याङजा, नवलपरासी पूर्व, रुपन्देही, गुल्मी, म्याग्दी, चितवन, पर्सा, सप्तरी, सिरहा, रौतहट, कपिलवस्तु, सर्लाही र महोत्तरी गरी २२ जिल्लामा आफ्नो ६० वटा शाखा कार्यालयहरु स्थापना गरी लघुवित्त कारोबार गर्दै आइरहेको छ र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकतानुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सक्नेछ । हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोवार सञ्चालन गर्दै आइरहेको छ ।

| क्र.स. | कार्यालयको नाम | कार्यालयको किसिम | ठेगाना |
|---|---|---|---|
| १ | हरमटारी | शाखा कार्यालय | गोरखा नगरपालिका -६, गोरखा |
| २ | घैरुङ्ग | शाखा कार्यालय | शहिदलखन गाँऊपालिका -६, गोरखा |
| ३ | घ्याम्पेशाल | शाखा कार्यालय | भिमसेनथापा गाँऊपालिका -१, गोरखा |
| ४ | पालुङ्गटार | शाखा कार्यालय | पालुङ्गटार नागरपालिका-४, गोरखा |
| ५ | भच्चेक | शाखा कार्यालय | अजिरकोट गाँऊपालिका -३, गोरखा |
| ६ | सल्यानटार | शाखा कार्यालय | त्रिपुरासुन्दरी गाँऊपालिका -२, धादिङ्ग |
| ७ | सातबिसे | शाखा कार्यालय | राईनास नगरपालिका -४, लम्जुङ |
| ८ | धादिङ्गबेशी | शाखा कार्यालय | निलकण्ठ नगरपालिका -४, धादिङ्ग |
| ९ | चैनपुर | शाखा कार्यालय | ज्वालामुखी गाँऊपालिका -६, धादिङ्ग |
| १० | सिम्ले | शाखा कार्यालय | थाके गाँऊपालिका -२, धादिङ्ग |
| ११ | हाँडीखोला | शाखा कार्यालय | मनहरी गाँऊपालिका -३, मकवानपुर |
| १२ | फापरबारी | शाखा कार्यालय | बागमती गाँऊपालिका -८, मकवानपुर |
| १३ | भानु | शाखा कार्यालय | भानु नगरपालिका -१, तनहुँ |
| १४ | चन्द्रावती | शाखा कार्यालय | भानु नगरपालिका -१३, तनहुँ |
| १५ | बुढाथुम | शाखा कार्यालय | गंगाजमुना गाँऊपालिका -७, धादिङ्ग |
| १६ | बज्रबराही | शाखा कार्यालय | थाहा नगरपालिका -६, मकवानपुर |
| १७ | खोलाको छेऊ | शाखा कार्यालय | रुपा गाँऊपालिका -६, कास्की |
| १८ | सुनपदेली | शाखा कार्यालय | मादी गाँऊपालिका -५, कास्की |
| १९ | हातेमालो | शाखा कार्यालय | पैयुँ गाँऊपालिका -४, पर्वत |
| २० | अक्षते | शाखा कार्यालय | काठेखोला गाँऊपालिका -१, बाग्लुङ |
| २१ | नयाँसाघु | शाखा कार्यालय | सिरानचोक गाँऊपालिका-१, गोरखा |
| २२ | सेम्जोङ | शाखा कार्यालय | नेत्रावती गाँऊपालिका -३, धादिङ्ग |
| २३ | मनकामना | शाखा कार्यालय | शहिदलखन गाँऊपालिका -२, गोरखा |
| २४ | चरौंदी | शाखा कार्यालय | बेनीघाट रोराङ गाँऊपालिका -७, धादिङ्ग |
| २५ | बारपाक | शाखा कार्यालय | बारपाक सुलिकोट गाँऊपालिका -१, गोरखा |
| २६ | माछाखोला | शाखा कार्यालय | धार्चे गाँऊपालिका -५, गोरखा |
| २७ | हकुई | शाखा कार्यालय | रामग्राम नगरपालिका -१६, नवलपरासी पश्चिम |
| २८ | जामुने | शाखा कार्यालय | म्याग्दे गाँऊपालिका -३, तनहुँ |
| २९ | वालिङ्ग | शाखा कार्यालय | वालिङ्ग नगरपालिका- ९, स्याङ्जा |
| ३० | चोरमारा | शाखा कार्यालय | मध्यबिन्दु नगरपालिका -८, नवलपरासी पुर्व |
| ३१ | मंगलापुर | शाखा कार्यालय | तिलोत्तमा नगरपालिका-७, रुपन्देही |

| | | | |
|---|---|---|---|
| ३२ | फर्साटिकर | शाखा कार्यालय | शुद्धोधन नगरपालिका -३, रुपन्देही |
| ३३ | झिमझिमिया | शाखा कार्यालय | सैनामैना नगरपालिका -१०, रुपन्देही |
| ३४ | अमरापुरी | शाखा कार्यालय | गैडाकोट नगरपालिका -१७, नवलपसासी पुर्व |
| ३५ | माछापुच्छ्रे | शाखा कार्यालय | माछापुच्छ्रे गाँऊपालिका -४, कास्की |
| ३६ | पुर्तीघाट | शाखा कार्यालय | कालिगण्डकी गाँऊपालिका -४, गुल्मी |
| ३७ | बेथरी | शाखा कार्यालय | मायादेबी गाँऊपालिका -६, रुपन्देही |
| ३८ | सुनवल | शाखा कार्यालय | सुनवल नगरपालिका-१, नवलपरासी पश्चिम |
| ३९ | गोपिगंज | शाखा कार्यालय | बर्दघाट नगरपालिका -१४, नवलपरासी पश्चिम |
| ४० | सैनामैना | शाखा कार्यालय | सैनामैना नगरपालिका-१, रुपन्देही |
| ४१ | शंकरपुर | शाखा कार्यालय | देबदह नगरपालिका - ११, रुपन्देही |
| ४२ | पोखरेबगर | शाखा कार्यालय | अन्नपुर्ण गाँऊपालिका-६, स्याग्दी |
| ४३ | कुश्मीशेरा | शाखा कार्यालय | जैमिनी गाँऊपालिका-१, बाग्लुङ्ग |
| ४४ | शिखरकटेरी | शाखा कार्यालय | मकवानपुरगढी गाँऊपालिका-२, मकवानपुर |
| ४५ | मझुवा | शाखा कार्यालय | चन्द्रकोट गाँऊपालिका -८, गुल्मी |
| ४६ | सर्केटारी | शाखा कार्यालय | फेदीखोला गाँऊपालिका -१, स्याङ्गजा |
| ४७ | लुम्बिनी | शाखा कार्यालय | लुम्बिनी साँस्कृतिक नगरपालिका-१०, रुपन्देही |
| ४८ | पदमपुर | शाखा कार्यालय | कालिका नगरपालिका-५, चितवन |
| ४९ | टाँडी | शाखा कार्यालय | रत्ननगर नगरपालिका -१, चितवन |
| ५० | बसन्तपुर | शाखा कार्यालय | माडी नगरपालिका -३, चितवन |
| ५१ | ठोरी | शाखा कार्यालय | ठोरी गाँऊपालिका -२, पर्सा |
| ५२ | दार्खा | शाखा कार्यालय | खनियाबाँस गाँऊपालिका -४, धादिङ्ग |
| ५३ | सखडा | शाखा कार्यालय | छिन्नमस्ता गाँऊपालिका -३, सप्तरी |
| ५४ | लक्ष्मीपुर पतारी | शाखा कार्यालय | लक्ष्मीपुर पतारी गाँऊपालिका -४, सिरहा |
| ५५ | सुकदेब चौक | शाखा कार्यालय | यमुनामाई गाँऊपालिका -१, रौतहट |
| ५६ | चन्द्रौटा | शाखा कार्यालय | शिवराज नगरपालिका -५, कपिलवस्तु |
| ५७ | समनपुर | शाखा कार्यालय | गढीमाई नगरपालिका -२, रौतहट |
| ५८ | चन्ही | शाखा कार्यालय | बलान बिहुँल गाँऊपालिका -२, सप्तरी |
| ५९ | ब्रहमपुरी | शाखा कार्यालय | ब्रहमपुरी गाँऊपालिका -२, सर्लाही |
| ६० | औरही | शाखा कार्यालय | औरही नगरपालिका-१, महोत्तरी |

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :** यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४ साल जेष्ठ ३१ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७४ साल कार्तिक १३ गते नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको १० जिल्ला कार्यक्षेत्र भएको लघुवित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरी मिति २०७४ कार्तिक २२ गतेदेखि वित्तीय कारोवार शुरु गरेकोमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने -मर्जर) तथा प्राप्ति -एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम तनहुँ जिल्लाको डुम्रेमा केन्द्रीय कार्यालय रहेको साविकको आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्थालाई प्राप्ति -एक्विजिसन) गरी मिति २०७६ साल असार ३० गतेदेखि साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको नाउँबाट “घ” वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा एकीकृत वित्तीय कारोबार सञ्चालन गरेको संस्था हो । यस वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न बैंक तथा वित्तीय संस्था तथा बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी क्षेत्र, गैर-सरकारी क्षेत्र, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा व्यापार क्षेत्र एवं व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहनुभएको छ ।

**(च) वित्तीय संस्थाको मुख्य उद्देश्य :**

विपन्न समुदायका ग्रामीण क्षेत्रमा बसोबास गर्ने विशेष गरी महिलाहरुलाई बिना धितो सामुहिक जमानीमा ऋण उपलब्ध गराई उनीहरुलाई उत्पादनमूलक मगद ' प्रोत्साहन गरी उनीहरुको पारिवारिक जीवनस्तरमा सुधार ल्याउने र उनीहरुलाई समाजमा स्थापित गराउने उद्देश्य संस्थाको रहेको छ । ती विपन्न परिवारका महिला तथा पुरुषहरुलाई वित्तीय रुपले साक्षर बनाउँदै ससानो उद्यम, कृषि उत्पादन, व्यापार व्यवसाय सञ्चालन गर्न, आयस्रोत, पेशा र व्यवसायका आधारमा सानो रकम लगानी गरी उत्पादनमूलक काममा सरिक गराई उनीहरुलाई स्वरोजगार र

आर्थिक रुपले सबल बनाई सिर्जनशील र स्वावलम्बी समाज निर्माणमा सघाउनु यस वित्तीय संस्थाको मुख्य उद्देश्य रहेको छ ।
यसका अलावा वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०७३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी कानुन तथा अन्य प्रचलित कानुनका अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको देखिन्छ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एव्म प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय सेवामा जोखिम मगर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याई देशको अर्थतन्त्रलाई सबल र सुदृढ बनाउन सहयोग पुर्‍याउने, र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

(च) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश -प्रतिशतमा)** : सो नभएको ।

(छ) **अन्य विवरणहरुः**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**
वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप संकलन, कर्जा प्रवाह, रेमिट्यान्स भुक्तानी सेवा तथा अन्य वित्तीय सेवाहरु प्रदान गर्ने रहेको छ । साथै वित्तीय संस्थाले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**
यो वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

(३) **कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**
मिति २०७४/०७/१३ गतेदेखि नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको १० जिल्ला कार्यक्षेत्र भएको लघुवित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न ईजाजतपत्र प्राप्त गरी मिति २०७४ कार्तिक २२ गतेदेखि वित्तीय कारोवार शुरु गरेकोमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति -एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम तनहुँ जिल्लाको डुम्रेमा केन्द्रीय कार्यालय रहेको साविकको आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्थालाई प्राप्ति -एक्विजिसन) गरी मिति २०७६ साल असार ३० गतेदेखि साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट "घ" वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको रुपमा एकीकृत वित्तीय कारोबार सञ्चालन गर्दै आएको छ । हाल वित्तीय संस्थाले गोरखा, धादिङ्ग, लमजुङ्ग, मकवानपुर, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग, नवलपरासी पश्चिम, स्याङजा, नवलपरासी पूर्व, रुपन्देही, गुल्मी, म्याग्दी, चितवन, पर्सा, सप्तरी, सिरहा, रौतहट, कपिलवस्तु, सर्लाही र महोत्तरी गरी २२ जिल्लामा आफ्नो ६० वटा शाखा कार्यालयहरुबाट आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका ४५,९७६ जना सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गरेको छ । सो अवधि भित्रमा वित्तीय संस्थाको बचत रु.४३,१६,३८,००६.४८ र कर्जाको साँवा बाँकि रु. १,७०,५२,४४,४६६.६३ पुऱ्याउन सफल भएको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
यस क्षेत्रमा नयाँ वित्तीय संस्थाहरुको आगमन भईरहेकाले प्रतिष्पर्धा अत्यन्त बढिरहेको छ । ग्राहकहरुलाई उपयुक्त किसिमको कर्जा, निक्षेप तथा अन्य जस्तै विप्रेषण सेवाका योजनाहरु प्रदान गरी सर्वसुलभ तवरले सेवा प्रदान गर्नु चुनौतिपूर्ण देखिएको छ । त्यसका साथै नेपाल राष्ट्र बैंकबाट जारी

हुने निर्देशन तथा परिपत्रहरु अनुरुप बैंकिङ्ग सेवा प्रदान गर्नु वित्तीय संस्थाहरुको पहिलो प्राथमिकता रहेको हुन्छ । यीनै तथ्यहरुलाई हृदयंगम गरी यस वित्तीय संस्थाले ग्राहकहरु लक्षित उपयुक्त किसिमका कर्जा तथा बचतका कार्यक्रमहरु समय सापेक्ष अनुसार लागु गर्दै लगेको छ र यस प्रकारको योजनालाई आगामी दिनमा समेत निरन्तरता दिंदै जानेछ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
वित्तीय संस्थाको प्रमुख बजार नेपाल अधिराज्यभर रहेको र हाल वित्तीय संस्थाले गोरखा, धादिङ्ग, लमजुङ्ग, मकवानपुर, तनहुँ, कास्की, पर्वत, बाग्लुङ्ग, नवलपरासी पश्चिम, स्याङजा, नवलपरासी पूर्व, रुपन्देही, गुल्मी, म्याग्दी, चितवन, पर्सा, सप्तरी, सिरहा, रौतहट, कपिलवस्तु, सर्लाही र महोत्तरी गरी २२ जिल्लामा आफ्नो ६० वटा शाखा कार्यालयहरु स्थापना गरी लघुवित्त कारोबार गर्दै आइरहेको छ भने भविष्यमा अन्य जिल्लाहरुमा समेत आफ्नो कार्यक्षेत्र विस्तार गर्ने र ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने संस्थाको लक्ष्य रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सोको उपभोग स्थिति :**
वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापनको दक्षताको कारण यस वित्तीय संस्थाले स्थापनाकालदेखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** :सो नभएको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** :
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा, उद्योग एवं व्यापारिक क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समुह सेवाग्राहीहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन् । स्तरीय लघुवित्त सेवाका लागि ग्राहक सेवा विभाग स्थापना गरी संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको छ ।

(१०) **अनुसन्धान तथा विकास :**
नेपालको बैकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यको लागि छुट्टै अधिकृत नियुक्त गर्ने जनाएको छ । जसले गर्दा नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने, नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपको योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनिय नयाँ प्रविधिको प्रयोग गरी आफ्नो ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**
सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
यस वित्तीय संस्था संचालनमा आए संगै संचालनमा आएका अन्य वित्तीय संस्थाहरुको वित्तीय सुचकहरुको बिश्लेषण गर्दा तुलनात्मक रुपमा यस वित्तीय संस्थाको स्थिति मजबुत रहेको छ । स्थापनाको प्रथम बर्षदेखि यस वित्तीय संस्था मुनाफामा सञ्चालनमा रहेको छ । यस वित्तीय संस्थाको समान वित्तिय संस्थाहरु बीच प्रतिष्पर्धा भएता पनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई २२ जिल्लामा कुल ६० बटा शाखा कार्यालय मार्फत् लघुवित्त सेवा प्रदान गरी बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण -जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण**ः सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण -जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण**) : सो नभएको ।

(ख) **सम्पत्तिको विवरण :**

(अ) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको आ.व.२०७६/०७७ को चैत्र सम्मको सम्पत्तिको अवस्था तल उल्लेख गरे बमोजिम रहेको छः :

| विवरण | भवन | परिवहन साधन (रु.) | मेशिनरी (रु.) | कार्यालय सामान (रु.) | लिजहोल्ड सम्पत्ति (रु.) | अन्य (रु.) | जम्मा (रु.) |
|---|---|---|---|---|---|---|---|
| **कुल परलमोल** | - | ७,००,६१९.०० | ५,७९,००५.९६ | १,०१,७३,२१८.०६ | २,२९,०७०.०० | १३,२९,४२०.६७ | १,३०,११,३३३.६९ |
| **यस वर्षको थप** | - | ५१७५०००.०० | २,९६,५४२.०० | ४२,१६,५३५.२० | - | ४,९७,२००.०० | १,०१,८५,२७७.२० |
| **कुल परल मुल्य** | - | ५८,७५,६१९.०० | ८,७५,५४७.९६ | १,४३,८९,७५३.२६ | - | १८,२६,६२०.६७ | २,३१,९६,६१०.८९ |
| **कुल ह्रासकट्टी** | - | १,३७,३२४.०० | ९०,३३०.०० | २२,७१,९४०.७१ | ९६,७४७ | २,५१,६१३ | २८,४७,९५४.७१ |
| **बूक भ्यालू** | - | ५७,३८,२९५.०० | ७,८५,२१७.९६ | १,२१,१७,८१२.५५ | १,३२,३२३.०० | १५,७५,००७.६७ | २,०३,४८,६५६.१८ |
| **जग्गा** | - | - | - | - | - | - | - |
| **पूँजीगत निर्माण** | - | - | - | - | - | - | - |
| **जम्मा** | - | ५७,३८,२९५.०० | ७,८५,२१७.९६ | १,२१,१७,८१२.५५ | १,३२,३२३.०० | १५,७५,००७.६७ | २,०३,४८,६५६.१८ |

उपरोक्त सम्पत्ति यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय एवं शाखा कार्यालयहरुमा अवस्थित रहेका छन् ।

(आ) **बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : माथि उल्लेखित सम्पत्तिहरु आफ्नै स्वामित्वको हो ।

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :सो नभएको ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरणः**

यस कम्पनीको सम्पत्तिको पुनर्मुल्यांकन नगरिएको हुँदा किताबी मूल्य र बजार मूल्य बिच फरक नभएको ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमानुसार ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन ।

(ग) **भावी योजना तथा रणनीति :**

(अ) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

वित्तीय संस्थाले आफ्नो व्यबसाय सेवाको वृद्धिका लागि चालिने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार रहेका छन् :

- आगामी दिनहरुमा शाखा बिस्तारमा थप जोड दिनेछ ।
- वित्तीय संस्थाले आफ्ना शाखा विस्तारको हिसाबले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा त्याउन प्रयत्नरत रहने छ ।
- वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी सेवाग्राहीहरुको संख्यामा वृद्धि गर्दै लगिने छ ।

- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- भविष्यमा सर्वसाधारणहरुमा साधारण शेयर जारी गरी यस वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी रु.२१,७७,८०,०००।- पुर्‍याउने छ ।
- प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लागि लघुवित्त कारोवारहरु विस्तार गर्दै लैजाने छ ।

लघुवित्त कारोवार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराव कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पूँजीको लागत तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु तथा लघुवित्त संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुन सक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विष्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ ।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

विगतको छोटो अवधिमा नै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु र स्थानीय तहमा सहकारी संस्थाहरु स्थापना भई सञ्चालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैकिङ्ग वातावरण बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्कातर्फ हाल विश्वब्यापी महामारीको रुपमा देखा परेको COVID19 को कारणले केही चिन्तित हुनु पर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैकिङ्ग व्यवसायलाई केही हदसम्म प्रभाव पार्ने देखिन्छ ।
यस वित्तीय संस्थाको वित्तीय परिसूचकलाई मूल्याङ्कन गर्दा वित्तीय संस्थाको अवस्था सन्तोषजनक रहेको देखिन्छ । लघुवित्त संस्था बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हालसम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस वित्तीय संस्थाले स्थापनाकालदेखि नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको अधिकतम रुपमा परिचालन गरी संस्था स्थापना भएको २.५ बर्षमा नै संस्थालाई २२ जिल्लामा ६० शाखा खोली लघुवित्तीय सेवाहरु प्रदान गरि उत्साहजनक उपलब्धी हासिल गरेको छ । आ.ब. २०७६/७७ को चैत्र मसान्तसम्म ४५,९७६ समूह सदस्यहरुबाट रु४३,१६,३८,००६।४८ निक्षेप संकलन तथा २५,३७३ समुह सदस्यहरु लाई १,७०,५२,४४,४६६।६३ कर्जा प्रवाह गरिको छ । यस वित्तीय संस्था सञ्चालनको प्रथम आर्थिक बर्षदेखि खुद नाफामा सञ्चालन भईरहेको छ र यस चालु आ.व. को २०७६ चैत्र मसान्तसम्म रु १,९०,९१,७०२।७२ खुद नाफा आर्जन गरेको छ ।
साथै निकट भविष्यमा थप केही जिल्लाहरुमा शाखा विस्तार गरी अझ थप सदस्यहरुमा सेवा प्रदान गरि उत्साहजनक उपलब्धी हासिल गर्ने लक्ष्य राखिएको तथा विद्यमान उपलब्धीहरु एवं भावी योजनाहरुको आधारमा यस वित्तीय संस्थाको भविष्य सुद्दढ हुने देखिन्छ ।

**(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिमको व्यवस्था रहेको छ ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु | ४ जना |
| समूह "ख" शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनीत सञ्चालकहरु | २ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

**सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनको लागि यस वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । यसरी शेयर लिने व्यक्तिले आफनो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुंदैन । तर स्वतन्त्र सञ्चालक वा संगठित संस्थाले वित्तीय

संस्थामा लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

४. **पूँजी संरचना सम्बन्धी जानकारी :**

(क) **अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरणः**

**अधिकृत पूँजी :** वित्तीय संस्थाको अधिकृत पूँजी रु.३०,००,००,०००।- (अक्षरेपी तीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००।- का दरले ३०,००,०००।- (तीस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी** : वित्तीय संस्थाको जारी पूँजी रु.२१,७७,८०,०००।- (अक्षरेपी रु.एक्काईस करोड सतहत्तर लाख असी हजार मात्र) रहेको छ । सो पूँजीलाई रु. १००।- का दरले २१,७७,८०० (एक्काईस लाख सतहत्तर हजार आठसय) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

**चुक्ता पूँजी** : वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु.१४,७०,,००,०००।- (अक्षरेपी चौध करोड सत्तरी लाख मात्र) रहेको छ । वित्तीय संस्थाको आफ्नो जारी पुँजी मध्ये रु.१४,७०,००,०००।- (अक्षरेपी चौध करोड सत्तरी लाख मात्र) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रहेको ७,०७,८०० (सात लाख सात हजार आठ सय) कित्ता बराबर रु.७,०७,८०,०००।- को धितोपत्र सार्वजनिक निष्कासनद्वारा सर्वसाधारणमा निष्कासन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पुँजी रु.२१,७७,८०,०००।– (अक्षरेपी रु.एक्काईस करोड सतहत्तर लाख असी हजार मात्र) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवँ चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०७३/७४ | ५,००,००,००० | ३,५०,००,००० | २,४१,८५,००० | |
| २०७४/७५ | १०,००,००,००० | ७,००,००,००० | ४,९०,००,००० | |
| २०७५/७६ | १०,००,००,००० | ७,००,००,००० | ४,९०,००,००० | एक्विजिसन अघि |
| २०७५/७६ | २०,००,००,००० | १०,५०,००,००० | ७,३५,००,००० | एक्विजिसन पश्चात् |
| २०७६/७७ | ३०,००,००,००० | २१,७७,८०,००० | १४,७०,००,००० | २०७६ चैत्र मसान्तसम्म |

(ख) **निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

**धितोपत्र निष्कासन पूर्व कम्पनीको शेयर पूँजीको संरचना :**

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक | १४,७०,००० | ६७.५०% | १४,७०,००,०००.०० | शतप्रतिशत |
| ख | सर्वसाधारण (कर्मचारी समेत) | ७,०७,८०० | ३२.५०% | ७,०७,८०,०००.०० | निष्कासन पश्चात |
| | **जम्मा** | २१,७७,८०० | १००% | २१,७७,८०,०००.०० | |

(ग) **शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :**

निष्कासन गरिने शेयर प्रिमियममा नभई अंकित मुल्यमा जारी गरिने भएकोले शेयर प्रिमियम खाता आवश्यक नभएको ।

५. **संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

क) **संस्थापक/सञ्चालकको पृष्ठभूमि :**

अ) **आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :** आधारभूत शेयरधनीको विवरण :

| सि. नं. | शेयरधनीको नाम | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | ठेगाना | शेयर स्वामित्व | प्रस्तावित व्यापार/ व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री साग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | लागु नहुने | | | | काठमाण्डौ महानगरपालिका - २८, बालुवाटार | २,००,००० | बैंकिङ्ग तथा वित्तीय कारोवार | १५ वर्षदेखि नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको राष्ट्रियस्तरको वित्तीय संस्थाको ईजाजतपत्र प्राप्त गरी वित्तीय सेवा प्रदान गरि रहेको । |
| २. | श्री नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड | लागु नहुने | | | | काठमाण्डौ महानगरपालिका - ५, बागबजार | २,००,००० | बैंकिङ्ग तथा वित्तीय कारोवार | २३ वर्षदेखि नेपाल राष्ट्र बैंकबाट “क” वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंकको ईजाजतपत्र प्राप्त गरी बैंकिङ्ग तथा वित्तीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सेवा प्रदान गरिरहेको । |
| ३. | श्री हरि प्रसाद अर्याल | संस्थापक शेयरधनी | ४४ बर्ष | नेपाली | बि.कम. | नारेश्वर, गोरखा | २३,००० | - | सन् २०११ देखि सन् २०१७ सम्म तत्कालिन कसमस डेभलपमेन्ट बैंक लि.मा सञ्चालकको रुपमा कार्य गरेको । |
| ४. | श्री एक नारायण चापागाई | संस्थापक शेयरधनी | ४९ बर्ष | नेपाली | पि.एच.डी. | पिडिखोला गा.बि.स.-६, स्याङ्जा | १,२०,००० | - | (क) सन् २०१७ देखि सन् २०१८ सम्म आर्थिक समृद्धि लघुवित्त वित्तीय संस्था लि.मा अध्यक्षको रुपमा कार्य गरेको । (ख) सन् २०११ देखि हालसम्म एल.एल.सि. म्यागनाथमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । |
| ५ | श्री नीता पाठक चापागाई | संस्थापक शेयरधनी | ४० बर्ष | नेपाली | बि.एस्सी. | ललितपुर म.पा-१, धापाखेल | ५०,००० | - | सन् २०१२ देखि कन्टीनेन्टल टि एण्ड एक्सपोर्ट प्रा. लि.मा बजार प्रबन्धकको रुपमा कार्यरत । |
| ६ | श्री गंगा प्रसाद ढकाल | संस्थापक शेयरधनी | ४७ बर्ष | नेपाली | बि.ए. | बुटवल उ.म.पा.-६, मैत्रीपथ | ३०,००० | - | सन् १९९४ देखि बुटवलमा औषधी ब्यबसायी |
| ७ | श्री राजेन्द्र अधिकारी | संस्थापक शेयरधनी | ४३ बर्ष | नेपाली | एम.ए. | रुपाकोट गा.पा. ४, तनहुँ | ६०,००० | - | सन् २००३ देखि एल. एल. सि. आर्ट ईम्पेक्समा आर्थिक निर्देशकको रुपमा कार्यरत । |

**सञ्चालकहरुको विवरण :**

| सि.नं. | सञ्चालकको नाम र ठेगाना | पद | उमेर | समूह | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर थापा नारेश्वर-२, गोरखा | अध्यक्ष | ५८ | संस्थापक | नेपाली | १६,००० | बि.कम | स्थापनाकाल देखि यस संस्थाको अध्यक्ष पदमा कार्यरत । | (क) सन् १९८६ देखि सन् १९९१ सम्म सहायक लेखापालको रुपमा नेपाल बिद्युत प्राधिकरणमा कार्य गरेको । (ख) सन् १९९१ देखि सन् १९९४ सम्म कर्णाली रिभर ब्रिज प्रोजेक्टमा वरिष्ट लेखा अधिकृतको रुपमा कार्यरत । (ग)सन् १९९५ देखि सन् २००१ सम्म ORG-MARG Nepal Pvt. Ltd. मा लेखा तथा प्रशासन अधिकृतको रुपमा कार्य गरेको । (घ) सन् २००१ देखि सन् २००४ सम्म अन्तरराष्ट्रिय रेडक्रसमा प्रशासन सहायकको रुपमा कार्य गरेको । (ङ)सन् २००४ देखि सन् २००६ सम्म अन्तरराष्ट्रिय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | रेडक्रसमा मानव संसाधन सहायकको रुपमा कार्य गरेको । (च) सन् २००६ देखि सन् २०१० सम्म अन्तरराष्ट्रिय रेडक्रसमा मानव संसाधन प्रबन्धकको रुपमा काय गरेको। (छ) सन् २०१२ देखि सन् २०१७ सम्म कसमस डेभलपमेन्ट बैंक लि. को सञ्चालकको रुपमा कार्य गरेको । |
| २ | डा. नरहरि ढकाल हर्मी -७, गोरखा | सञ्चालक | ५९ | संस्थापक | नेपाली | २०,००० | पि.एच.डी (अर्थशास्त्र) | यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७६/०३/३० गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | (क) बैंकिङ बिशेषज्ञ, विभिन्न बैंक वित्तीय संस्थामा ३५ वर्षको अनुभव। (ख)MicroFinance Specialist को रुपमा डिसेम्बर १९९१ देखि अक्टोबर १९९४ सम्म ILO/UNDP Nepal मा कार्यानुभव । (ग)डिप्रोक्स नेपालमा Programme Director को रुपमा ६ वर्ष चार महिना (नोवेम्बर १९९४ देखि मार्च २००० सम्म) को कार्याअनुभव । (घ) सन् २०११ देखि सन् २०१४ सम्म राष्ट्रिय वाणिज्य बैंक लि.मा अध्यक्ष। |
| ३ | श्री रमेश सापकोटा (प्रतिनिधित्व : एन.सि.सि. बैंक लि.) कुसादेबी-५, काठमाण्डौं | सञ्चालक | ४३ | संस्थापक | नेपाली | २,००,००० | एम बि ए एम ए (अर्थशास्त्र) | यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७५/१२/२९ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | विगत २० वर्षदेखि एन.सी.सी बैंक लि.मा विभिन्न तहहरुमा कार्यरत रही हाल प्रमुख सञ्चालन अधिकृतको रुपमा कार्यरत। |
| ४ | श्री राधाकृष्ण भण्डारी छालिङ-४, भक्तपुर | सञ्चालक | ४२ | संस्थापक | नेपाली | ४,००० | एम. ए. बि.एल | यस लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७४/०६/०१ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | कानुन ब्यवसायी, विगत १५ वर्षदेखि लोयल ल एसोशिएट्समा आवद्ध । |
| ५ | श्री अर्जुन कुमार सिं नारेश्वर-४, गोरखा | सञ्चालक | ४३ | संस्थापक | नेपाली | ८,००० | बि.कम. | स्थापनाकाल देखि यस संस्थाको संचालक पदमा कार्यरत । | २० वर्षदेखि मेरिना ईम्पेक्समा प्रबन्ध सञ्चालकको रुपमा कार्यरत । |

आ) संस्थापकहरु कुनै कम्पनी र संस्था भएमा त्यस्तो कम्पनी र संस्थाको नाम तथा ठेगाना सहितको विवरण र उक्त कम्पनी र संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक ब्यक्ति नखुले सम्म):

| क्र. सं. | बैंक तथा वित्तीय संस्थाको नाम | ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम, ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|---|
| १ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | बालुवाटार, काठमाण्डौं । | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड वित्तीय संस्थाको भीडमा अन्य बैंकहरु भन्दा केही नवीन र प्रेरित उद्यमीहरुको परियोजना हो । सम्मानित बैंकरहरू, चार्टर्ड एकाउन्टेन्टहरू, डाक्टरहरू, ईन्जिनियरहरू, व्यवसायीहरू, उद्यमीहरू, सामाजिक कार्यकर्ताहरू र अन्य क्षेत्रहरूको प्रसिद्ध व्यक्तित्व द्वारा स्थापना गरिएको बैंक हो । नेपालगञ्जमा रहेको साविक बागेश्वरी विकास बैंक लि. र पोखरामा अवस्थित संग्रिला डेभलपमेण्ट बैंक लि. एक आपसमा गाभिएपछि यो डेभलपमेन्ट बैंक काठमाडौंमा स्थानान्तरण भएको हो । तत् पश्चात् गोरखामा रहेको साविक कसमस डेभलपमेण्ट बैंकलाई प्राप्ति गरि थप सञ्जाल बृद्धि गरेको यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड ९० वटा शाखाको नेटवर्कसहितको ठूला राष्ट्रियस्तरको विकास बैंकहरु मध्येको एक हो । ३ लाखभन्दा बढी ग्राहकहरु रहेको यस बैंकको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौंमा रहेको छ भने पोखरा, नेपालगञ्ज र नारायणघाटमा क्लस्टर कार्यालय रहेको छ। । | अध्यक्ष :- श्री अच्युत प्रसाद प्रसाई, नेपालगंज उप-महानगरपालिका-२, बाँके ।<br>संचालक :- श्री शुसील काजी बाँनिया काठमाण्डौं महानगरपालिका :-४, धुम्बाराही ।<br>संचालक :- श्री नरेश मान तुलाधर काठमाण्डौं महानगरपालिका :-२१, गणवहाल ।<br>संचालक :- श्री गंगा सागर ढकाल आधिखोला गाऊँपालिका-६,स्याङजा ।<br>संचालक :- श्री लिसा शेरचन काठमाण्डौं महानगरपालिका :-३, टोखा ।<br>संचालक :- श्री राजु नाथ खनाल म्याग्दे गाऊँपालिका-१, तनहुँ । | २,००,००० |
